# प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा संशोधन गर्न बनेको विधेयकको मस्यौदाको तीनमहले विवरण

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| **प्रस्तावना** | वन पैदावारको आवश्यकताको परिपूर्ती, सदुपयोग, स्वस्थ वातावरण प्रवर्द्धन र वातावरणीय सेवा प्रवाह गर्न राष्ट्रिय वन, भू तथा जलाधार, जैविक विविधता, वन्यजन्तु तथा वनस्पतिको संरक्षण तथा व्यवस्थापनका लागि समुदायद्वारा व्यवस्थित विभिन्न वन व्यवस्थापन पद्धति अपनाई प्रदेशको समृद्धि, सामाजिक तथा आर्थिक विकासमा टेवा पु-याउन र निजी तथा सार्वजनिक जग्गामा वनको विकास र प्रबर्द्धनको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले प्रदेश सभाले यो ऐन बनाएको छ। | नेपालको संविधान अनुसार प्रदेश भित्रको राष्ट्रिय वन प्रदेशको एकल अधिकारमा रहेकोले प्रदेशले आफ्नो कानून बमोजिम त्यस्तो अधिकारको प्रयोग गर्ने प्रत्याभूति गरिएकोले वन पैदावारको आवश्यकताको परिपूर्ती, सदुपयोग, स्वस्थ वातावरण प्रवर्द्धन र वातावरणीय सेवा प्रवाह गर्न राष्ट्रिय वन, भू तथा जलाधार, जैविक विविधता, वन्यजन्तु तथा वनस्पतिको संरक्षण तथा व्यवस्थापनका लागि सरकारद्वारा व्यवस्थित वन, समुदायद्वारा व्यवस्थित विभिन्न वन व्यवस्थापन पद्धति अपनाई प्रदेशको समृद्धि, सामाजिक तथा आर्थिक विकासमा टेवा पु-याउन र निजी तथा सार्वजनिक जग्गामा वनको विकास र प्रवर्द्धनको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले प्रदेश सभाले यो ऐन बनाएको छ। | नेपालको संविधानको अनुसूची ६ मा प्रदेश भित्रको राष्ट्रिय वन प्रदेशको एकल अधिकार सूचीमा रहेको र धारा ५७ बमोजिम प्रदेशले आफ्नो कानून बमोजिम त्यस्तो अधिकारको प्रयोग गर्ने हुदा यो विषय प्रस्तावनाबाटै प्रष्ट पार्न उपयुक्त हुने । |
| १ | यस ऐनको नाम "प्रदेश राष्ट्रिय वन ऐन, २०७६" रहेको छ। | यस ऐनको नाम "प्रदेश वन ऐन, २०७६" रहेको छ। | प्रदेशको ऐन भएकाले राष्ट्रिय शव्द राख्दा सान्दर्भिक नदेखिएकोले प्रदेश मात्र राख्न उपयुक्त हुने । |
| २(ग) | "खनिजजन्य वनपैदावार" भन्नाले वन क्षेत्रमा भू-सतह वा भूगर्भ भित्र पाइने वा वनक्षेत्र भित्र भएर बग्ने खोला वा नदीमा रहेको वा पाइएको पेट्रोलियम र ग्याँस पदार्थ बाहेक चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक (इनअर्गानिक) पदार्थ सम्झनु पर्छ | हटाउने | वन पैदावारको परिभाषामा समेटिएकोले आवश्यक नरहेको |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| २ (ङ), | गैर-व्यवसायिक कबुलियती वन भन्नाले गरिबीका रेखामुनि रहेका समुदायलाई आय आर्जनका निमित्त दफा ५१ बमोजिम कबुलियती वनको रूपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनु पर्छ। | विपन्नमुखी कबुलियती वन भन्नाले गरिबीका रेखामुनि रहेका समुदायलाई आय आर्जनका निमित्त दफा ५१ बमोजिम कबुलियती वनको रूपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनु पर्छ। | वन ऐन, २०७६ मा "गरिबीको रेखामुनि रहेका जनताको लागि कबुलियती वन" भन्ने वाक्याशं प्रयोग भएको ।<br>नेपालमा गरिबीको रेखामुनि रहेका समुदायलाई आय आर्जनका निमित्त गैर ब्यवसायिक कबुलियती वनको नभई विपन्नको लागि कवुलियती वनको अभ्यास भइरहेको । |
| २(ड) | "नदीजन्य पदार्थ" भन्नाले यस प्रदेशको नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुंगा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो सम्झनु पर्छ । | "नदीजन्य पदार्थ" भन्नाले वन क्षेत्रमा पर्ने नदी, खोला, खोल्सी वा खहरेमा रहेका ढुंगा, गिट्टी, बालुवा र माटो लगायतका वस्तुलाई सम्झनु पर्छ। | संघीय वन ऐनसँग तादम्यता मिल। |
| २(ब) | "राष्ट्रिय वन" भन्नाले प्रदेश भित्र रहेका सामुदायिक वन, धार्मिक वन, कवुलियती वन, संरक्षित वन र प्रदेश सरकारद्वारा ब्यवस्थित वन सम्झनुपर्दछ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ति वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ । (परिभाषा खण्ड) | "राष्ट्रिय वन" भन्नाले निजी वन बाहेक सरकारद्वारा ब्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, प्रदेशभित्रको राष्ट्रिय वन वा अन्तरप्रादेशिक वन सम्झनुपर्छ । | वन ऐन, २०७६ सँग तादम्यता मिलाउन। |
| २(म) | "वन ब्यवस्थापन पद्धति" भन्नाले राष्ट्रिय वनको ब्यवस्थापनको लागि अपनाईएका सरकारद्वारा ब्यवस्थित वन, चक्ला वन, संरक्षित वन, सामुदायिक वन, धार्मिक वन, ब्यवसायिक | "वन ब्यवस्थापन पद्धति" भन्नाले राष्ट्रिय वनको ब्यवस्थापनका लागि अपनाईएका पद्धति सम्झनुपर्छ। | वन ऐन, २०७६ सँग तादम्यता मिलाउने। |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | कबुलियती वन, गैर ब्यवसायिक कबुलियती वनलाई सम्झनुपर्छ । | | |
| २(म२) थप गर्ने | “दिगो वन ब्यवस्थापन” शब्दलाई परिभाषित नगरिएको । (परिभाषा खण्ड) | “दिगो वन ब्यवस्थापन” भन्नाले वनबाट सामाजिक, आर्थिक र वातावरणीय लाभहरूके सन्तुलितरूपमा वृद्दि गरी वर्तमान रभावी पुस्ताको आवश्यकतालाई पूर्ती हुने गरी मान्यता प्राप्त मापदण्डको आधारमा गरिने वन व्यवस्थापनलाई सम्झनुपर्छ। | वनको दिगो ब्यवस्थापन गर्न हाल र पछि सम्मका लागि अपरिहार्य भएकाले यसलाई परिभाषित गर्न बाञ्छनीय हुने। |
| २(र) | “वन क्षेत्र” भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानुनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको वा वनसँग जोडिएको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेत सम्झनुपर्छ। (परिभाषा खण्ड) | “वनक्षेत्र” भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानुनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनुपर्छ। | वन ऐन, २०७६ सँग तादम्यता मिलाउन। |
| २(ज्ञ२) | “शहरी वन” लाई परिभाषित नगरिएको (परिभाषा खण्ड) | ”शहरी वन” भन्नाले शहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक, नदी, खोला, नहर किनारा तथा उद्यान जस्ता सार्वजनिक स्थानमा भएको वा विकास र व्यवस्थापन गरिएको वनलाई सम्झनुपर्छ। | एक महत्त्वपूर्ण वन व्यवस्थापन पद्धति भएकाले परिभाषित गर्न आवश्यक रहेको। |
| २(ज्ञ३) | ”सार्वजनिक वन” लाई परिभाषित नगरिएको (परिभाषा खण्ड) | ”सार्वजनिक वन” भन्नाले सार्वजनिक, ऐलानी तथा पर्ती जग्गामा प्राकृतिक रुपमा वा वृक्षारोपण गरी स्थानीय तहले संरक्षण, विकास तथा व्यवस्थापन गरिएको वनलाई सम्झनुपर्छ। | ऐनमा उल्लेख भएको र एक महत्त्वपूर्ण वन व्यवस्थापन पद्धति भएकाले परिभाषित गर्न आवश्यक देखिएको । |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| २(ञ४) | "वन व्यवस्थापक" लाई परिभाषित नगरिएको | "वन व्यवस्थापक" भन्नाले वनको व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम स्थापित वा तोकिएको निकाय सम्झनुपर्छ। | वन व्यवस्थापक परिभाषित गर्न गर्न आवश्यक देखिएको । |
| ८ (ख) | जग्गा प्राप्त संघीय वन ऐन बमोजिम राख्ने | जग्गा प्राप्ति संघीय वन ऐन बमोजिम हुनेछ । | वन ऐन, २०७६ सँग तादम्यता मिलाउन। |
| परिच्छेद २ शिर्षक | राष्ट्रिय वनको सिमा निर्धारण तथा अन्य व्यवस्था | राष्ट्रिय वन, जडिवुटी तथा तालतलैया व्यवस्थापन | साविक परिच्छेदका धेरै व्यवस्था संघिय ऐन अनुसार हुने भैं हटाउनु पर्ने भएकोले परिच्छेदको शिर्षक परिवर्तन गरिएको |
| दफा ३ | राष्ट्रिय वनको सीमा निर्धारण र अन्य व्यवस्था वन सिमाना लगाउन सकिनेः डिभिजनल वन अधिकृतले प्रचलित संघीय वन ऐनमा भएको व्यवस्था बमोजिम यस परिच्छेदमा लेखिएको कुराहरुका अधीनमा रही आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको सिमाना छुटयाई वन सिमाना चिन्ह लगाउन सक्नेछ । | हटाउने | प्रदेश तहको क्षेत्राधिकार भित्र नपर्ने र सङ्घीय तहको एकल अधिकार भएकोले |
| ४. | जग्गा प्राप्त गर्न सूचनाः (१) दफा ३ बमोजिम राष्ट्रिय वनको सिमाना छुट्याउँदा सो वन वा त्यसको सिमानाको संरक्षणका निम्ति डिभिजनल वन अधिकृतले सो वन भित्रको वा सो वनको सिमानासँग जोडिएको सार्वजनिक वा कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा बनेको घर, छाप्रो समेत वनको सिमाना भित्र पारी छुट्याउन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि डिभिजनल वन अधिकृतले मन्त्रालयको पूर्व स्वीकृति लिई सोको कारण र त्यस्तो जग्गा प्राप्त गर्ने कुराको सार्वजनिक सूचना | हटाउने | प्रदेश तहको क्षेत्राधिकार भित्र नपर्ने र सङ्घीय तहको एकल अधिकार भएकोले |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | सम्वन्धित व्यक्तिको घर दैलोमा, सम्वन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालयमा र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ । (३) उपदफा (२) बमोजिमको सूचनामा देहायका कुराहरु समेत खुलाउनु पर्नेछः- (क) प्राप्त गरिने जग्गा वा घर, छाप्रोले ओगटेको क्षेत्रफल र चार किल्ला तथा जग्गाको किसिम, | | |
| | (ख) त्यस्तो जग्गामा हकदैया भएको वा भोगचलन गरिरहेका सरोकारवाला व्यक्तिहरुले उक्त सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक सत्तरी दिनभित्र डिभिजनल वन अधिकृत समक्ष आफ्ना हकभोगका प्रमाण सहित क्षतिपूर्तिको माग दावी गरी दरखास्त दिन आउनु पर्ने र सो म्याद भित्र दरखास्त दिन नआएमा पछि कुनै उजुर लाग्ने छैन । | हटाउने | प्रदेश तहको क्षेत्राधिकार भित्र नपर्ने र सङ्घीय तहको एकल अधिकार भएकोले |
| ५. | घर जग्गा प्राप्त गर्ने कुरामा उजुर गर्नेः (१) दफा ४ को उपदफा (२) बमोजिम घर जग्गा प्राप्त गरिने कुराको सूचना टाँस भएकोमा सो सूचनामा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सो सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र निर्देशनालयमा उजुर दिन सक्नेछ। | | |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | (२) उपदफा (१) बमोजिम परेको उजूरीमा आवश्यक जाँचबुझ गरी निर्देशनालयले निर्णय गर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम निर्देशनालयले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ। | | |
| ६. | मुआब्जा वा क्षतिपूर्ति रकम निर्धारण र वितरणः (१) यस परिच्छेद अन्तर्गत प्राप्त गरिने घर, छाप्रो र जग्गाको मुआब्जा वा क्षतिपूर्ति रकमको निर्धारण प्रचलित जग्गा प्राप्ति सम्बन्धी कानून बमोजिम गरिनेछ ।<br>(२) उपदफा (१) बमो बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएपछि डिभिजनल वन अधिकृतले त्यस्तो रकम लिन आउनु भनी सरोकारवालालाई सूचना दिनु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिम निर्धारण गरिएको मुआब्जा वा क्षतिपूर्तिको रकम डिभिजनल वन अधिकृतले सरोकारवाला व्यक्तिलाई सरकारी कोषबाट दिनु पर्नेछ ।<br>(४) उपदफा (२) बमोजिमको सूचना पाएको मितिले पैंतीस दिनभित्र क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले मन्त्रालय समक्ष व्यक्तिले मन्त्रालय पुनरावेदन गर्न सक्नेछ। | हटाउने | प्रदेश तहको क्षेत्राधिकार भित्र नपर्ने र सङ्घीय तहको एकल अधिकार भएकोले |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | त्यस्तो पुनरावेदनमा मन्त्रालयबाट भएको निर्णय अन्तिम हुनेछ ।<br>(५) उपदफा (२) बमोजिमको सूचना पाएको वा उपदफा (३) बमोजिम निर्णय भएको मितिले पाँच वर्षभित्र उक्त क्षतिपूर्तिको रकम लिन नआएमा सो रकम सरकारी कोषमा जम्मा हुनेछ । | | |
| ७. | घर जग्गा कब्जामा लिनेः दफा ६ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको सूचना दिएपछि उक्त घर जग्गा डिभिजनल वन अधिकृतले कब्जामा लिन सक्नेछ र सो मितिदेखि उक्त घर जग्गा प्रदेश सरकारको स्वामित्वमा हुनेछ । | हटाउने | प्रदेश तहको क्षेत्राधिकार भित्र नपर्ने र सङ्घीय तहको एकल अधिकार भएकोले |
| ८. | राष्ट्रिय वनको सिमानाभित्र निजी जग्गा पार्न र प्राप्त गर्नमा प्रतिबन्धः यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजी जग्गा वा घर, छाप्रो राष्ट्रिय वनको सिमाना भित्र पार्दा वा त्यस्तो जग्गा वा घर, छाप्रो प्राप्त गर्दा देहायमा लेखिएको लेखिएको कुराहरुका अधीनमा रही गर्नु पर्नेछः-<br>(क) राष्ट्रिय वन बाहिर रीतपूर्वक दर्ता आवाद भैसकेको निजी जग्गा र त्यस्ता जग्गामा रहेका घर, छाप्रो भए सो समेत राष्ट्रिय वन वा त्यसको सिमानाको संरक्षणका लागि प्राप्त गर्न अत्यावश्यक भएमा बाहेक प्राप्त गरिने छैन, | | |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | (ख) खण्ड (क) बमोजिम जग्गा प्राप्त गर्दा कुनै एकै व्यक्तिको जग्गामध्ये तराई वा भित्री मधेशमा पाँच बिगाहा र उपत्यका र पहाडमा दश रोपनी भन्दा बढी जग्गा प्रदेश सरकारको पूर्व स्विकृत वेगर प्राप्त गरिने छैन । र तराइ वा भित्री मधेशमा पाँच बिगाहा र उपत्यका र पहाडमा भए चार रोपनी भन्दा वढि त्यस्तो जग्गा सो जग्गा धनीको मञ्जुरीले बाहेक कुनै पनि अवस्थामा प्राप्त गर्न सकिने छैन ।,<br>(ग) चारैतिर राष्ट्रिय वनले घेरिएको वा राष्ट्रिय वनभित्रको कुनै व्यक्तिको नाममा दर्ता भैराखेको जग्गा वा घर, छाप्रो जतिसुकै भए पनि प्राप्त गरी राष्ट्रिय वनको सिमानाभित्र पारी छुट्याउन सकिनेछ । | | |
| ९. | पुरै जग्गा प्राप्त गर्नेः यस परिच्छेद बमोजिम जग्गाको केही भाग लिने कारबाही गर्दा सो जग्गाको धनीले पुरै जग्गा वा घर, छाप्रो सरकारबाट लिइयोस् भनी निवेदन गरेमा र उक्त स्थानमा निवेदकको केवल दुई विगाहा वा सो भन्दा कम जग्गा रहेछ भने सो जग्गाको केही भाग मात्र लिने गर्नु हुँदैन। पूरै जग्गा वा घर, छाप्रो यस परिच्छेद बमोजिम गरी लिनु पर्नेछ । | | |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| १०. | अदालतले पाए सरहको अधिकार हुनेः यस परिच्छेद बमोजि आफू समक्ष पेश हुन आएको कुनै कुराको निर्णय गर्नका लागि सरोकारवाला व्यक्तिहरु र निजहरुको साक्षिहरुलाई झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजहरुबाट लिखत गराउने समेत मन्त्रालय, निर्देशनालय, डिभिजनल वन अधिकृत र प्रचलित जग्गा प्राप्ति सम्बन्धी कानूनमा तोकिएको समितिलाई प्रचलित कानून बमोजिम अदालतले पाए सरहको अधिकार हुनेछ। | हटाउने | प्रदेश तहको क्षेत्राधिकार भित्र नपर्ने र सङ्घीय तहको एकल अधिकार भएकोले |
| ११. | निजी जग्गाको लगत काट्नेः (१) यस परिच्छेद बमोजिम कुनै व्यक्तिको निजी जग्गा प्राप्त गरी राष्ट्रिय वनभित्र पारी छुट्याइएपछि त्यसरी प्राप्त गरिएको निजी जग्गाको क्षेत्रफल, साँध, किल्ला, मौजा इत्यादि सबै विवरण खोली डिभिजनल वन अधिकृतले सम्बन्धित मालपोत वा गाउँपालिका वा नगर कार्यपालिकाको कार्यालयलाई जानकारी दिनु पर्नेछ र सो बमोजिम मालपोत वा गाउँपालिका वा नगरकार्यपालिकाको कार्यालयले पनि जग्गाको मालपोत वा करको आन् लगत कट्टा गर्न कारबाही गरी त्यसको जानकारी प्रदेश सरकार र निर्देशनालयमा दिनु पर्नेछ। | | |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | (२) उपदफा (१) बमोजिम लगत कट्टा हुने जग्गाको धनीले सो जग्गा राष्ट्रिय वन भित्र पारी छुट्याएको मितिदेखि सो जग्गाको मालपोत वा अरु कुनै किसिमको कर बुझाउनु पर्ने छैन। | | |
| १२. | बल प्रयोग गर्न सक्नेः डिभिजनल वन अधिकृतले यस परिच्छेद बमोजिम कारबाही गर्दा वा जग्गा वा घर, छाप्रो कब्जामा लिँदा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्न सक्नेछ । | हटाउने | प्रदेश तहको क्षेत्राधिकार भित्र नपर्ने र सङ्घीय तहको एकल अधिकार भएकोले |
| १३. | जग्गा दर्ता गर्न नहुनेः (१) राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन ।<br>(२) उपदफा (१) मा लेखिएको जग्गा दर्ता गरे पाइएमा दर्ता स्वतः बदर हुनेछ ।<br>(३) उपदफा (२) बमोजिम दर्ता बदर भएको जग्गाको विवरण मन्त्रालयमा पठाउनुका साथै लगत कट्टा गर्न डिभिजनल वन अधिकृतले सम्वन्धित मालपोत वा गाउँपालिका वा नगर कार्यपालिकाको कार्यालयलाई लेखी पठाउनु पर्नेछ। त्यसरी लेखी आएको सात दिनभित्र सम्बन्धित मालपोत वा गाउँपालिका वा नगरपालिकाको कार्यालयले लगत कट्टा गरी सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ । | | |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | (४) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनको कुनै भाग नेपाल सरकारको स्वीकृति बेगर गैरकानूनी रुपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता पनि यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुनेछ र त्यस्ता दर्ताको लगत कट्टा गरिनेछ ।<br>आन्तरिक (५) राष्ट्रिय वनभित्रको जग्गा कसैले दर्ता गरे गराएमा प्रचलित संघीय वन ऐनमा भएको व्यवस्था बमोजिम सजाय हुनेछ। | | |
| १४. | बस्ती स्थानान्तरण गर्न सक्नेः (१) राष्ट्रिय वनको संरक्षणका लागि<br>कुनै बस्ती वा गाउँ नै स्थानान्तरण गर्न आवश्यक ठानेमा प्रदेश सरकारले यस परिच्छेद बमोजिमको प्रक्रिया अपनाई स्थानान्तरण गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम स्थानान्तरण हुने बस्ती अन्यत्र वन क्षेत्रमा नै राखु पर्ने भएमा प्रदेश सरकारले नेपाल सरकारको सहमतिमा आवश्यक निर्णय गर्न सक्नेछ ।<br>(३) उपदफा (२) बमोजिम वा यो ऐन प्रारम्भ हुनुअघि वन ऐन, २०४९ बमोजिम स्थायी रूपमा बसोबास र पुनर्वास गरिएका जग्गाहरुमा त्यस्तो जग्गा प्रदान गर्दाको बखतदेखि नै रहेका रुखहरु सरकारको स्वामित्वमा रहनेछन् । त्यस्ता रुखहरु प्रदेश सरकारले यथासम्भव चाँडो हटाउनु पर्नेछ । | | |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| १५. | राष्टिय वनमा कने व्यक्तिलाई हक प्राप्त नहनेः (१) नेपाल सरकार वा प्रदेश सरकार वा डिभिजनल वन अधिकृतबाट पट्टा, पुर्जी वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनैं व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।<br>(२) नेपाल सरकार वा प्रदेश सरकार वा डिभिजनल वन अधिकृतको आदेश बमोजिम बाहेक कुनै व्यक्तिले उपदफा (१) बमोजिम राष्ट्रिय वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टा गरी वा अरु कुनै प्रकारले हक छोडिदिनु हुँदैन। | हटाउने | प्रदेश तहको क्षेत्राधिकार भित्र नपर्ने र सङ्घीय तहको एकल अधिकार भएकोले |
| १६. | राष्ट्रिय वन क्षेत्रमा प्रवेश निषेधः वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले मन्त्रालयको स्वीकृति भागमा निश्चित समयका लागि सूचना प्रकाशित गरी प्रवेश निषेध गर्न सक्नेछ ।<br>तर डिभिजनल वन अधिकृतले तोकिदिएको बाटोबाट आवत जावत गर्न यसले कुनै प्रतिबन्ध लगाएको मानिने छैन। | हटाउने | प्रदेश तहको क्षेत्राधिकार भित्र नपर्ने र सङ्घीय तहको एकल अधिकार भएकोले |
| १७(१) | डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको रणनीतिक योजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ । रणनीतिक योजना | डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्र भित्रको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनीतिक योजना तयार गरी वन निर्देशनालयको सिफारिसमा मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ | वन ऐन, २०७६ सँग तादम्यता मिलाउन। |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | वनाउदा सामुदायिक वनका प्रतिनिधिहरुलाई समेत सहभागी गराईनेछ। | । रणनीतिक योजना वनाउदा वन समूह लगायतका सरोकारवालाहरुलाई समेत सहभागी गराईनेछ। | |
| १७ (२) | डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको व्यवस्थापन, सरकारद्वारा व्यवस्थित वन, चकला वन, संरक्षित वन, सामुदायिक वन,धार्मिक वन, गैर व्यवसायिक कवुलियती वन र व्यवसायिक कवुलियती वनको वन व्यवस्थापन पद्धति पनाइ गर्नेछ । | डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको व्यवस्थापन, सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, धार्मिक वन, विपन्नमुखी कवुलियती वन र व्यवसायिक कवुलियती वनको वन व्यवस्थापन पद्धति अपनाइ गर्नेछ । | वन ऐन, २०७६ (संघीय) संग तादात्म्यता मिलाउन । |
| १७(३) | प्रदेश सरकारले आवश्यक ठानेमा वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भइरहेको एउटा राष्ट्रिय वनको केहि भाग वा पुरै भागलाई कुनै अर्को वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गर्न सक्नेछ । | प्रदेश सरकारले आवश्यक ठानेमा वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भइरहेको एउटा राष्ट्रिय वनको केहि भाग वा पुरै भागलाई कुनै अर्को वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गर्न सक्नेछ। तर समुदायद्वारा व्यवस्थापन भै रहेको वनको व्यवस्थापन पद्धति परिवर्तन गर्दा समूहको साधारण सभाको निर्णय भएको हुनु पर्नेछ । | समुदायमा आधारित वन व्यवस्थापन पद्धतिलाई प्राथमिकता दिदा उपयुक्त हुने। |
| १७ (५) | उपदफा (२) बमोजिम सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, चक्ला वन, संरक्षित वन व्यवस्थापन गर्दा सिल्भिकल्चर र वन व्यवस्थापनको सिद्धान्तमा रही कार्ययोजना बनाई सम्वन्धित निकायवाट स्वीकृत गराई ढलापडा, सुकेका, मरेका र उमेर पुगेका बुढा रुखहरु हटाइनेछ। | उपदफा (२) बमोजिम सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र व्यवस्थापन गर्दा सिल्भिकल्चर र वन व्यवस्थापनको सिद्धान्तमा रही कार्ययोजना बनाई सम्वन्धित निकायवाट स्वीकृत गराई ढलापडा, सुकेका, मरेका र उमेर पुगेका बुढा रुखहरु हटाइनेछ। | चक्ला वन भन्ने शव्द नै हटाइएकोले। |
| १७(७) | उपदफा (२) बमोजिम कार्ययोजना बनाउँदा पहाडी क्षेत्रमा हैसियत विग्रेको वन वैज्ञानिक अध्ययन अनुसन्धानको आधारमा तोकिए बमोजिम प्रकृया पूरा गरी प्रजाती रूपान्तरण गर्न सकिनेछ | उपदफा (२) बमोजिम कार्ययोजना बनाउँदा पहाडी क्षेत्रमा हैसियत विग्रेको वन वैज्ञानिक अध्ययन अनुसन्धानको आधारमा स्विकृत कार्ययोजना बमोजिम प्रजाती रूपान्तरण गर्न सकिनेछ | प्रकृया तोकेर जानु भन्दा स्विकृत कार्ययोजना बमोजिम गर्दा उपयुक्त र व्यवहारिक हुने । |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| १८(२) | प्रदेश सरकारले तोकिए बमोजिमको वन पैदावारमा आधारित उद्योगलाई तोकिए बमोजिम कच्चा पदार्थ उपलब्ध गराउन सक्नेछ । | प्रदेश सरकारले तोकिए बमोजिमको वन पैदावारमा आधारित उद्योगलाई तोकिए बमोजिम कच्चा पदार्थ उपलब्ध गराउन सहजिकरणा गर्न सक्नेछ । | प्रदेश सरकारको मात्र स्वामित्वमा रहने गरी वन पैदावार उत्पादन नहुने भएकोले यो कार्यान्वयनमा आउन नसक्ने हुँदा हटाउन उपयुक्त हुने । |
| १८(३क.) | नभएको | वन पैदावार मध्ये काठ र दाउराको लिलाम विक्रि विद्युतीय माध्यमबाट गर्न सकिने छ । | विद्युतीय माध्यमबाट विक्रि गर्दा पूर्ण प्रतिस्पर्धि, पारदर्शी र राजस्वमा वृद्धि हुने भएकोले। |
| १८(क) | नभएको । | खडा रुख लिलाम सम्बन्धी व्यवस्था : (१) स्वीकृत वन कार्ययोजना बमोजिम वार्षिक रुपमा उत्पादन हुने काठ र दाउरा कटान हुने रुखको मूल्याङ्कनको आधारमा खडा लिलाम गर्न सकिनेछ ।<br><br>(२) उपदफा(१)बमोजिम लिलाम गर्दा काठको भए प्रति क्यूविक फीट र दाउराको हकमा प्रति चट्टाको दरले लिलाम वढावढको आधारमा गरिनेछ ।<br><br>(३) उपदफा (१) अनुसार लिलाम गर्दा शुरुमा प्रति ईकाई मूल्य सकार गर्दा मूल्याङ्कनको आधारमा दश प्रतिशत धरौटी वापत जम्मा गर्नु पर्नेछ ।<br><br>(४) रुख कटान संझौता गर्नु अगाडि खडा रूखको मूल्यांकनको कम्तिमा दश प्रतिशत कार्यसम्पादन बण्डको रुपमा धरौटी जम्मा गर्नेवा संझौता बमोजिमको कार्य संपन्न हुने मितिमा ६ महिना थप | घाटगद्दीमा लामो समय रहँदा नरम प्रजातिका रुखबाट उत्पादित काठ सडीगली जान सक्ने भएकोले ।<br>प्रकृया अजय मानन्धरले लेख्ने |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | | गरी सोहि अवधिको वैक ग्यारेन्टी पेश गर्नु पर्नेछ । <br><br> (५) संझौता बमोजिमको कार्य तोकिएकै समयमा संपन्न हुन नसकी काठ दाउराको हानी नोक्सानी हुनगएमा वैक ग्यारेन्टीबाट असूल उपर गर्न सकिनेछ । <br> (६) लिलाम सकार भइसकेका रुखको संझौताको अवधिमा कटान मुछान तथा ढुवानी गर्न नसकि मुनासिव माफिकको कारण सहित पेश गरेमा डिभिजनल वन अधिकृत पहिलो पटक ३ महिनाको लागि म्याद थप गर्न सक्ने छ । उक्त अवधिमा पनि काम हुन नसकेमा संझौता रद्द गरी पुनः लिलाम प्रक्रियमा जानु पर्नेछ । | |
| २०(३) | नभएको (थप गर्नु पर्ने) | उपदफा १ बमोजिम अनुमति प्राप्त गरी राष्ट्रिय वनक्षेत्रमा अध्ययन, अनुसन्धान पुरा गर्ने व्यक्ति वा संघसंस्थाले अध्ययन अनुसन्धान पूरा गरेपछि अनुसन्धानको अन्तिम प्रतिवेदन सम्वन्धित डिभिजन वन कार्यालयमा बुझाउनु पर्नेछ। | राष्ट्रिय वन क्षेत्रमा भएको अध्ययन अनुसन्धानबाट प्राप्त नतिजा वन क्षेत्रको विकासको लागि उपयोगी देखिएमा कार्यान्वयन योजनामा समावेश गर्न मद्दत पुग्ने। |
| २४ | सिमसार क्षेत्रको व्यवस्थापनः डिभिजनल वन अधिकृतले राष्ट्रिय वनभित्र पर्ने सिमसार क्षेत्रलाई तोकिए बमोजिम व्यवस्थापन गर्न सक्नेछ र यस्ता सिमसार क्षेत्रमा तोकिए बमोजिम पर्यापर्यटन कार्यक्रम समेत सञ्चालन गर्न सक्नेछ । | तालतलैया पोखरी क्षेत्रको व्यवस्थापनः राष्ट्रिय वनभित्र पर्ने तालतलैया पोखरी क्षेत्रमा स्वीकृत कार्ययोजना बमोजिम व्यवस्थापन तथा पर्यापर्यटन कार्यक्रम संचालन गर्न सकिनेछ। | वनक्षेत्र भित्रको सिमसार व्यवस्थापनको विषय प्रष्ट गर्नु पर्ने भएकाले । |
| २५(२) | उपदफा (१) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक | उपदफा (१) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले | वन ऐन, २०७६ सँग तादात्म्यता मिलाउन। |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | देखेमा निर्देशनालयले त्यस्तो कार्ययोजना डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित पठाएपछि सो कार्ययोजना निर्देशनालयले स्वीकृत गर्नेछ । | त्यस्तो कार्ययोजना डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित पठाएपछि सो कार्ययोजना निर्देशनालयले स्वीकृति लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ । | |
| २८ | नभएकोले थप गर्नु पर्ने | वन संरक्षण क्षेत्र घोषणाः (१) प्रदेश सरकारले समुदायले व्यवस्थापन गरिरहेको वाहेकको राष्ट्रिय वनको कुनै भाग विशेष वन्यजन्तु, जैविक विविधता तथा जैविक मार्ग, वातावरणीय, वैज्ञानिक वा साँस्कृतिक महत्त्वको वा अन्य विशेष महत्त्व भएको लागेमा स्थानीय तह र स्थानीय समुदायको स्वतन्त्र पूर्व सुसुचित सहमतीमा त्यस्तो राष्ट्रिय वनको भागलाई वन संरक्षण क्षेत्र घोषित गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले राष्ट्रिय वनको कुनै भागलाई वन संरक्षण क्षेत्रको रुपमा घोषित गरेपछि त्यसको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।<br>(३) साविकमा प्रदेशमा रहेका संरक्षित वन स्वतः वन संरक्षण क्षेत्रमा रूपान्तरण भएको मानिनेछ । | संविधान तथा संघीय कानून अनुसार तादात्म्यता मिलाउन |
| २९ | नभएकोले थप्नु पर्ने | वन संरक्षण क्षेत्र व्यवस्थापन परिषदको विधान तथा कार्ययोजनाः (१) वन संरक्षण क्षेत्र व्यवस्थापन परिषद्ले समुदायद्वारा व्यविस्थत वन समूहहरूसँग समेतको परामर्शमा एक विधान तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्ने छ ।<br>(२) उपदफा १ वमोजिम पेश भएको विधान डिभिजन वन कार्यालयले दर्ता गरी तोकिए बमोजिमको प्रमाणपत्र उपलव्ध गराउनु पर्ने छ । | संविधान तथा संघीय कानून अनुसार तादात्म्यता मिलाउन |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | | (३) वन संरक्षण क्षेत्रमा गरिने जैविक विविधता तथा वन सम्बन्धी कार्यहरुको संरक्षण तथा व्यवस्थापनका लागि डिभिजन वन कार्यालयको प्राविधिक सहयोगमा सम्बन्धित वन उपभोक्ता समूहहरूसँगको परामर्शमा वन संरक्षण व्यवस्थापन परिषदले वढीमा १० वर्ष सम्मको लागि वन व्यवस्थापन कार्ययोजना तयार गरी निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम स्वीकृत भएको वन व्यवस्थापन कार्य योजना डिभिजन वन कार्यालयको प्राविधिक सहयोग तथा सहकार्यमा परिषदले लागू गर्नेछ।<br>(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वन संरक्षण क्षेत्र भित्र रहेका अन्य वन व्यवस्थापन पद्धति अन्तर्गत व्यवस्थापन भइरहेको वनको व्यवस्थापन सम्वन्धीत वन समूहको स्वीकृत कार्ययोजना बमोजिम नैं सञ्चालन हुनेछ ।<br>(६) वन संरक्षण क्षेत्रको मुख्य भाग (कोर एरिया) भन्दा वाह्य (वफर) क्षेत्रमा पर्ने सामुदायिक वन, धार्मिक वन, कवुलियती वन पद्दतीहरू यसै ऐनमा लेखिएको व्यवस्था अनुसार दर्ता हुने र सञ्चालन गर्नु पर्नेछ । | |
| ३० क. | वन संरक्षण क्षेत्रको व्यवस्थापनः (१) वन संरक्षणको क्षेत्रको घोषणा, कार्ययोजना त्यस्तो क्षेत्रको व्यवस्थापन प्रणाली संघीय वन सम्वन्धी कानून अनुसार हुनेछ । | हटाउने | अन्य दफाहरूमा समेटिएको हुनाले |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | (२) साविकमा प्रदेशमा रहेका संरक्षित वन स्वतः वन संरक्षण क्षेत्रमा रूपान्तरण भएको मानिनेछ । | | |
| ३१. | वन संरक्षण क्षेत्रको उपभोक्ता समूह दर्ताः गठन गरिएको उपभोक्ता समूह दर्ता गराउन उपभोक्ताले विधान सहित तोकिए बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ। (२) उपदफा (१) बमोजिमको दरखास्त डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्ता तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ। (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागू हुनुभन्दा अगाडि दर्ता भै सञ्चालनमा रहेका प्रदेश भित्र रहेका सामुदायिक वन, धार्मिक वन, कबुलियती वन र वन संरक्षण क्षेत्र यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ । | वन संरक्षण क्षेत्र व्यवस्थापन परिषद् गठनः (१) वन संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्न कम्तिमा ५० प्रतिशत महिला र आदिवासी तथा दलित समुदायको प्रतिनिधित्व हुनेगरी र सबै किसिमका वन व्यवस्थापन पद्दतीको प्रतिनिधित्व सुनिश्चीत हुने गरी तयार गरेको विधान अनुसारको समावेशी प्रकृतिको एक वन संरक्षण क्षेत्र व्यवस्थापन परिषद् रहनेछ ।<br>(२) उपदफा (१) बमोजिमको परिषदको भेलाबाट कम्तिमा आधा महिलाको प्रतिनिधित्व सुनिश्चितता गरी समावेशी प्रकृति सहितको वढिमा २१ सदस्यीय कार्यसमिति चयन गर्नेछ ।<br>(३) वन संरक्षण क्षेत्र पर्ने वडा अध्यक्षहरू मध्ये सम्वन्धीत स्थानीय तहहरूबाट एक जना पर्ने गरी कार्यपालिकाले तोकेको वडा अध्यक्षहरू पदेन सदस्य हुनेछन् ।<br>(४) डिभिजन वन कार्यालयले तोकेको वन अधिकृत स्तरका कर्मचारी सदस्य सचिव हुनेछ ।<br>(५) सम्वन्धित स्थानीय तहका प्रमुखहरू परिषदका संरक्षक रहनेछन्<br>(६) एक भन्दा बढी डिभिजन वन कार्यालयको कार्य क्षेत्रमा पर्ने बन संरक्षण क्षेत्रको हकमा जिल्ला तहमा वन संरक्षण क्षेत्र इकाइ समेत रहनेछ। | |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | | (७) वन संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्दा प्राप्त हुने आम्दानीको समतामुलक बाँडफाँट स्विकृत व्यवस्थापन कार्ययोजना बमोजिम हुनेछ । | |
| ३१क. | नभएको | वन संरक्षण क्षेत्र व्यवस्थापन परिषदको काम कर्तव्य र अधिकारः वन संरक्षण क्षेत्र व्यवस्थापन परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ<br>(क) सरोकारवाला तथा अधिकारवालाहरूको 'सहभागितामा वन संरक्षण क्षेत्रको विधान तथा कार्ययोजना तयार गरी प्रचलित कानून बमोजिम स्वीकृत गराउने र कार्यान्वयन गर्ने गराउने<br>(ख) लक्षितवर्गमुखी वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,<br>(ग) वन संरक्षण क्षेत्र भित्रका समुदायमा आधारित वन उपभोक्ता समूहलाई समन्वय र मार्गदर्शन गर्ने,<br>(घ) वन संरक्षण क्षेत्रको संरक्षण, संवर्धन र विकासमा समतामुलक अवाधारणालाई प्राथमिकता दिई सहयोग गर्ने.<br>(ङ) सामुदायिक तथा समुदायमा आधारीत वन व्यवस्थापन प्रणालीलाइ समतामूलक शासन पद्दतीबाट सञ्चालन गर्न सहजिकरण गर्ने ।<br>(च) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने। | परिषदको काम कर्तव्य र अधिकार ऐनमा नै तोक्न उपयुक्त हुने। |
| ३२. | उपभोक्ता समुहको कोषः (१) समूहको आफ्नो एउटा छुट्टै कोष (२) उपदफा (१) वमोजिमको कोषमा देहायका रकमहरु | वन संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को कोषः (१) परिषदको एउटा छुट्टै कोष हुनेछ । | वन ऐन, २०७६ सँग तादम्यता मिलाउन। |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | गरिनेछः (क) सरकारवाट प्राप्त अनुदान रकम, (ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्स अनुदान, सहायता वा दान दातव्यका रकम, (ग) वनपैदावारको विक्री वितरणवाट प्राप्त रकम, (घ) जरिवानाबाट प्राप्त रकम, (ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम । (३) उपदफा (१) बमोजिमको कोषमा प्राप्त भएको रकममध्ये कम्तीमा पचास प्रतिशत रकम वन संरक्षण क्षेत्रको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ । (४) समूहले उपदफा (३) बमोजिम वनको विकासका निमित्त खर्च गरी कोषमा बाँकी रहेको रकम अन्य विकास कार्यमा खर्च गर्न सक्नेछ । हुनेछ । (५) कोप सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | (२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः<br>(क) संघ, प्रदेश र स्थानीय सरकारवाट प्राप्त अनुदान रकम,<br>(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यका रकम,<br>(ग) समुदायले व्यवस्थापन गरे वाहेकका मूख्य भाग (कोर एरिया)का वन पैदावारको विक्री वितरणवाट प्राप्त रकम,<br>(घ) जरिवानाबाट प्राप्त रकम,<br>(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।<br>(३) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा व्यवस्थापन स्विकृत विधानमा उल्लेख भए बमोजिम हुनेछ । | |
| ३४ (१क) | नभएको थप्नु पर्ने | उपदफा १ अनुसार कार्ययोजना बनाउदा तोकिएका विषयहरु बाहेक चौंरी पालन, भेडा पालन, माटाका भाँडा बनाउने, गोलपोल्ने, काठ तथा बाँसका सामाग्री वनाउने, जंगली खानयोग्य वनस्पती, फलफूल तथा कन्दमुल संकलन जस्ता जिविकोपार्जनका क्रियाकलापका साथै आदिवासी जनजाति समुदायका प्रथाजनित अभ्यासहरु जस्तै अन्तीम दाहसंस्कार लगायत विभिन्न धर्मसंस्कृति सम्वन्धी पराम्परागत अभ्यासहरू समेत समावेश गर्न सक्नेछन् । | साविकमा राष्ट्रिय वन क्षेत्रमा हुने गरेका चौंरी पालन, भेडा पालन, माटाका भाँडा बनाउने, काठका सामाग्री बनाउने, जंगली फलफूल तथा कन्दमूल संकलन, सागसब्जी संकलन, च्याउ संकलन, गोलपोल्ने जस्ता जीविकोपार्जनका अभ्यासहरुका साथै आदिवासी जनजातिका प्रथाजनित अभ्यासहरु सामुदायिक वनका कारणले जोखिममा परेको र यी क्रियाकलाप र अभ्यासहरूले परम्परागत ज्ञानका |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | | | आधारमा दिगो स्रोत व्यवस्थापनमा नै टेवा पुग्ने भन्ने बिभिन्न अध्ययन अनुसन्धानबाट औंल्याइएकाले यिनको सामुदायिक वनमा पुनर्स्थापना गर्न आवश्यक देखिएकोले । |
| ३४ (२क) | नभएकोले थप गर्नु पर्ने | समूह वाहिर काठ विक्रि नगर्ने समूहले तोकिए अनुसारको संक्षिप्त कार्ययोजना तयार गरी सवडिभिजन वन कार्यालयमा पेश गर्न सक्नेछ । | संघीय वन तथा वातावरणा मन्त्रालयले जारी गरेको सामुदायिक वनको मार्गदर्शन २०८१ अनुसार तालमेल मिलाउन |
| ३४ (२ख) | नभएकोले थप गर्नु पर्ने | उपदफा २(क) अनुसार पेश भएको कार्ययोजना सब डिभिजन वन कार्यालयको प्रमुख (अधिकृतस्तर) ले स्वीकृत गरी सोको जानकारी सातदिनभित्र डिभिजन वन कार्यालयमा दिनुपर्नेछ । | सब डिभिजन वन अधिकृतलाई कानूनबाटै अधिकार प्रत्यायोजन गर्न । |
| ३५ (१) | उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन सम्बन्धी कार्ययोजनामा आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधनको लिखित जानकारी डिभिजनल वन अधिकृतलाई दिनु पर्नेछ । | स्वीकृत कार्ययोजनको अवधि समाप्त नहुदै उपभोक्ता समूहले सामुदायिक वन कार्ययोजनामा आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न चाहेमा समूहको साधारणसभाबाट निर्णय गराई सवडिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ । | सामुदायिक वन कार्ययोजना संशोधन सम्बन्धमा थप स्पष्ट गर्नु परेकाले । |
| ३५ (२) | उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र उपभोक्ता समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ । | उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा सवडिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयमा दर्ता भएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ । | |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| ३६ (१) | दफा ३३ बमोजीम सुम्पिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्यसञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरित काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकुल असर पर्ने गरी कुनै कार्य गरेमा वा एन र यस एन अन्तरगत बनेका नियम उलङ्घन गरेमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूह खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता गर्ने निर्णय गर्न सक्नेछ ।<br>तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित उपभोक्ता समूहलाई सफाई पेश गर्ने मौका दिइनेछ । | दफा ३३ बमोजीम सुम्पिएको सामुदायिक वनमा उपभोक्ता समूहले वातावरणमा उल्लेखनीय प्रतिकुल असर पर्ने गरी कार्ययोजना विपरीत कुनै कार्य गरेमा वा ऐन र यस ऐन अन्तरगत बनेका नियम उलङ्घन गरेमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूह खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता गर्ने निर्णय गर्न सक्नेछ ।<br>तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित उपभोक्ता समूहलाई सफाई पेश गर्ने मौका दिइनेछ । | भईरहेको व्यवस्थालाइ थप प्रष्ट पार्न र कार्यान्वयनमा सहजता ल्याउन |
| ३६(६) | उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपभोक्ता समूहका पदाधिकारीहरुले समुदायको हितका नाममा यो ऐन र यस अन्तर्गत वनेको नियम विपरित कुनै काम कारवाही गरेमा निजहरुलाई प्रचलित संघीय कानुन बमोजिम सजाय गर्न वाधा पुर्याएको मानिने छैन । | हटाउने | उपदफा ३६(५) मा समेटिएको अवस्थामा दोहोरिएकोले । |
| ३७(१) | सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले स्वीकृत विधान र कार्ययोजना बमोजिम सजाय गर्न सक्नेछ र कुनै हानि नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ। तर | सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले स्वीकृत विधान र कार्ययोजना बमोजिम सजाय गर्न सक्नेछ र कुनै हानि नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्नु पर्नेछ । | सामुदायिक वनमा हुने कसूरमा उपभोक्ता समूहले नै उत्तरदायी भई काम गर्नु पर्ने भएकाले । |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | उपभोक्ता समूहका सदस्य भन्दा बाहिरको व्यक्ति भएमा राष्ट्रिय वनमा कसुर गरे सरह प्रचलित संघीय कानुन बमोजिम सजाय हुनेछ। | | |
| ३८(२) | उपदफा (१) बमोजिम समूह बाहिर विक्रि वितरण गर्ने वन पैदावार दफा १८ मा व्यवस्था भए बमोजिम हुनेछ । | हटाउने । | अन्य दफाहरूमा समेटिएकोले |
| ३८(३क) | समूह भन्दा बाहिर विक्री वितरण गरिएको वन पैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकममा डडेलो व्यवस्थापन शुल्क बापत प्रति क्यू.फिट रु. २ का दरले प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ । | हटाउने। | सामुदायिक वन उपभोक्ता समूहलाई वन व्यवस्थापनमा प्रोत्साहन गर्न । |
| ३८(४) | समूहभित्र खपत भएको वन पैदावार (काठ र दाउरा) बाट प्राप्त रकमको एक प्रतिशत रकम सेवा शुल्क बापत प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ। | हटाउने | सामुदायिक वन उपभोक्ता समूहलाई वन व्यवस्थापनमा प्रोत्साहन गर्न । |
| ३८(४) | नभएकोले थप्ने | सामुदायिक वनमा हावाहुरी वा डढेलो वा प्रकोपबाट वन विनास भैं रूखहरू ढले वा सुकेका खण्डमा सम्बन्धित वडा प्रतिनिधिको रोहवरमा सव डिभिजन वा डिभिजन वन कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीले लगत संकलन गरी स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिशमा डिभिजनल वन अधिकृतबाट स्वीकृति लिई समूहले उपयोग तथा विक्री वितरण गर्न सक्नेछ । | यसरी ढलेका वा सुकेका रुख खेर जान नदिई उपयोग गर्नु पर्ने भएकाले |
| ३९ (१) | वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने: (१) सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयबाट स्वीकृत | वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने: (१) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा | वनमा आधारित उद्यमलाई प्रवर्द्धन गर्नका लागी। |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
| --- | --- | --- | --- |
| | कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा तोकिए बमोजिम पर्यापर्यटनका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ । | पर्यापर्यटनका कार्यक्रमहरू समूह आफैले वा समूह र स्थानीय तहसंगको सहकार्यमा वा समूह र सहकारीको साझेदारीमा वा समूह र निजीक्षेत्रको साझेदारीमा वा निजी क्षेत्रसंग करार गरी सञ्चालन गर्न सक्नेछ । सामुदायिक वन उपभोक्ता समूहले एकल वा साझेदारीमा उद्योग संचालन गर्न चाहेमा प्राकृतिक व्यक्ति सरह वनपैदावारमा आधारित उद्योग संचालन गर्न सक्ने छन् । यसरी संचालन हुने उद्योगहरू रुखबिरुवा नभएको खाली वनक्षेत्र भित्र संचालन गर्न सकिने छ । | |
| ढ्ढ३९ (२) | नभएकोले थप गर्नु पर्ने | उपदफा १ अनुसारका उद्योग मध्ये वन उपभोक्ता समूह आफैले वा समूहका सदस्यले एकल वा सामूहिक रुपमा स्थापना र संचालन गरेको वन सम्बन्धी लघु उद्यमका लागि रोयल्टी र संकलन खर्च मात्र भुक्तानी गरी सामुदायिक वनको वनपैदावार प्रयोग गर्न सक्नेछन् । | सामुदायिक वनमा उद्यम विकासका लागि प्रोत्साहन गर्न |
| ४० | यस परिच्छेद बमोजिमको कार्यकालागि उपभोक्ता समूहले राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संस्थासंग सहयोग लिन सक्नेछन् । तर त्यस्तो सहयोग लिनु अगावै प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ। | यस परिच्छेद बमोजिमको कार्यका लागि उपभोक्ता समूहले राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संस्थाबाट सहयोग लिन सक्नेछन् । तर राष्ट्रिय सरकारी तथा गैर सरकारी संस्थाबाट सहयोग प्राप्त हुने भएमा सम्वन्धित सवडिभिजन वा डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ र अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संस्थाबाट सहयोग प्राप्त हुने भएमा प्रचलित कानुन बमोजिम स्वीकृति लिनु पर्नेछ । | सामुदायिक वन उपभोक्ता समूह एक अविछिन्न, उत्तराधिकारवाला, स्वशासित, संगठित संस्था भएकाले राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संस्थाबाट सहयोग लिन सक्ने तर नेपाल सरकारको प्रचलित कानुन विपरीत हुन नहुने भएकोले। |
| ४३(१) | सामुदायिक वन उपभोक्ता समूहको दर्ता (१) दफा ४२ बमोजिम गठन गरिएको | सामुदायिक वन उपभोक्ता समूह दर्ता (१) दफा ४२ बमोजिम गठन गरिएको सामुदायिक वन | वन ऐन, २०७६ सँग तादात्म्यता मिलाउन। |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | सामुदायिक वन उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ता समूहको विधान र सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिससाथ तोकिए बमोजिमको ढाँचामा डिभिजन वन कार्यालयमा दरखास्त दिनु पर्नेछ। | उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ता समूहको विधान सहित तोकिए बमोजिमको ढाँचामा डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ। यसरी दरखास्त दिंदा सो उपभोक्ता समुहले स्थानीय तहको सिफारिस समेत पेश गर्न सक्नेछ। | |
| ४४(५) | सामुदायिक उपभोक्ता समूहले हरेक आर्थिक वर्षको तीन महिना भित्रमा साधारण सभा गर्नु पर्नेछ । | सामुदायिक वन उपभोक्ता समूहले हरेक आर्थिक वर्ष भित्र कम्तिमा एक पटक साधारण सभा गर्नु पर्नेछ । | व्यबहारिक नदेखिएकोले संशोधन गर्न उपयुक्त हुने । |
| ४४(५ क) | नभएकोले थप गर्नु पर्ने | उपभोक्ता समूहले कार्य समिति बनाउदा समूह भित्रका महिला, आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम अल्पसंख्यक लगायत सीमान्तकृत समुदाय र युवाहरुको समावेशी प्रतिनिधित्व गराउन प्राथमिकता दिनु पर्नेछ । यसरी प्रतिनिधित्व गराउदा अध्यक्ष र सचिव मध्ये एक जना, उपाध्यक्ष र कोषाध्यक्ष मध्ये एक जना सहित कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित हुने गरी बढिमा २१ सदस्यीय कार्यसमिति गठन सकिनेछ । यसरी प्रतिनिधित्व गराउदा विपन्न घरधुरीलाई प्राथमिकता दिनु पर्नेछ । | सामुदायिक वन अभियानलाइ समावेशी मर्म अनुसार सञ्चालन गर्न |
| ४५(३) | उपदपफा २ वमोजिम प्राप्त भएको रकम समूहले कम्तिमा २५ प्रतिशत रकम सामुदायिक वनको विकास संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ | उपदफा २ वमोजिम प्राप्त भएको रकम मध्ये वन वा वन पैदावरबाट प्राप्त रकमको समूहले कम्तिमा २५ प्रतिशत रकम सामुदायिक वनको विकास संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ । | उपदफा २ का सबै रकमको २५ प्रतिशत खर्च गर्न सकिने अवस्था नहुने भएकोले। |
| ४५(४) | उपदफा (३) बमोजिम खर्च गरेर बाँकी रहेको रकम अन्य विकास कार्यमा खर्च गर्न सक्नेछ। | उपदफा (३) बमोजिम खर्च गरेर बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी उद्यमको विकास, | वन ऐन, २०७६ सँग तादम्यता मिलाउन। |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | | गरीबी न्यूनीकरण, महिला सशक्तिकरण कार्यमा खर्च गरिनेछ। | |
| ४६(१) | उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा तोकिए बमोजिम सामुदायिक वनको स्थिति खुलाइएको वार्षिक प्रगति प्रतिवेदन र तीन महिना भित्रमा तोकिए बमोजिम वार्षिक आर्थिक प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिका र सव डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । | उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा वनको स्थिति समेत खुलाई आफ्ना कृयाकलापहरुको वार्षिक प्रतिवेदन सम्वन्धित स्थानीय तह, डिभिजन वन कार्यालय तथा जिल्ला वा स्थानीय स्थित सामुदायिक वन उपभोक्ता महासंघमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। यसरी आफ्नो विवरण नबुझाउने सामुदायिक वन उपभोक्ता समुहको हकमा तोकिए बमोजिम हुनेछ। | वन ऐन, २०७६ सँग तादम्यता मिलाउन साथै वार्षिक प्रतिवेदन तयार गर्न सामुदायिक वन उपभोक्ता महासंघले सहयोग र सहजीकरण गर्न । |
| ५१(४) | उपदफा (१) बमोजिम प्रदान गरिएको कवुलियती वनमा कार्ययोजना बमोजिम समूहले लगाई हुर्काएका रुख बिरुवाको स्वमित्व समूहको हुनेछ र समूहले उक्त रुखहरू तोकिए बमोजिम विक्रि वितरण गर्न सक्ने छ । | उपदफा (१) बमोजिम प्रदान गरिएको कवुलियती वनको कार्ययोजना बमोजिम समूहले लगाएको वा हुर्काएका रुख बिरुवाको स्वामित्व समूहको हुनेछ र समूहले उक्त रुखहरू सामुदायिक वनमा व्यवस्था भए बमोजिम नैं स्वीकृत कवुलियती वनको कार्ययोजना अनुसार विक्रि वितरण गर्न सक्ने छ । | वन व्यवस्थापनलाइ सरलिकरण गर्न |
| ५१(४क) | नभएकोले थप गर्नु पर्ने | उपदफा(१) बमोजिम प्रदान गरिएको कवुलियती वनमा कार्ययोजना बमोजिम पर्यापर्यटन तथा वनजन्य स्रोतसँग सम्वन्धीत उद्म विकासका क्रियाकलापहरू संचालन गर्न सकिने छ । | कवुलियति वनलाइ आयमूलक वनाउन |
| ५१ (४ख) | नभएकोले थप गर्नु पर्ने | कवुलियती वनमा सदस्य रहेका घरधुरी हटेमा वा विपन्नताको हैसियत वृद्दि भै रिक्त भएमा समूहको सहमतीमा अर्को विपन्न घरधुरी सदस्य थप्न सकिनेछ । | समूह संख्यामा रिक्त हुँदा थप्ने प्रष्ट व्यवस्था नभएकोले |
| ५६(१) | दफा ५५ बमोजिमको कार्ययोजनाका लागि कुनै धार्मिक निकाय, समूह वा समुदायले | दफा ५५ बमोजिमको कार्ययोजनाका लागि कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको | वन ऐन, २०७६ सँग तादम्यता मिलाउने। |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | त्यस्तो वनको क्षेत्रफल, चारकिल्ला, त्यस्तो वनमा गरिने कार्यहरु तथा तोकिए बमोजिमको अन्य विवरणहरु खुलेको कार्ययोजना सहित डिभिजन वन कायार्लय मार्फत स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ। | क्षेत्रफल, चारकिल्ला, त्यस्तो वनमा गरिने कार्यहरु तथा तोकिए बमोजिमको अन्य विवरणहरु खुलेको कार्ययोजना सहित डिभिजन वन कायार्लयमा पेश गर्नुपर्नेछ। | |
| ५७(१) | धार्मिक वनमा रहेका वन पैदावार सम्वन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका सोहि धार्मिक स्थलमा हुने धार्मिक कार्यमा उपयोग गर्न सक्नेछ । तर सोहि धार्मिक वन भित्र हुने धर्मिक कार्य बाहेक अन्य धार्मिक कार्यमा प्रयोग गर्नुपर्ने भएमा प्रदेश सरकारले निर्णय गर्नेछ । | धार्मिक वनमा रहेका वन पैदावार सम्वन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका सोहि धार्मिक स्थलमा हुने धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ । तर सोहि धार्मिक वन भित्र हुने धर्मिक कार्य बाहेक अन्य धार्मिक कार्यमा प्रयोग गर्नुपर्ने भएमा डिभिजन वन कार्यालयबाट सहमति लिई गर्न सकिनेछ | धार्मिक वन पनि सामुदायिक वन जस्तै समुदायमा आधारित भएकोले र डिभिजनस्तरबाट नै धार्मिक वनको वन पैदावार सदुपयोग सम्बन्धी काम गर्दा छिटो छरितो पनि हुने। |
| दफा ५९ (३) | (३) निजी वन तथा वनपैदावार उपयोग सम्बन्धमा तेरो मेरोको विवादमा परेमा गाउँपादिका वा नगरपालिकाले छिनोफानो गर्नेछ । | हटाउने | अन्य दफा बमोजिम हुने विषय दोहोरिएकोले हटाउदा उपयुक्त हुने । |
| दफा ५९ (४) | कसैले आफ्नो निजी वनको नाममा राष्ट्रिय वन हानि नोक्सानी गरेमा वा वन क्षेत्र अनाधिकृत रूपमा कब्जा गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ । | हटाउने | अन्य दफा बमोजिम हुने विषय दोहोरिएकोले हटाउदा उपयुक्त हुने । |
| ६१(१) | व्यवसायिक प्रयोजनको लागि निजी वनको वन पैदावारको ओसारपसार गर्दा सम्बन्धित सव डिभिजन वन कार्यालयबाट सहमती लिनु पर्नेछ। | व्यवसायिक प्रयोजनको लागि निजी वन तथा निजी आवादीको वन पैदावारको संकलन तथा ओसारपसार गर्दा एक स्थानीय तहभित्र ओसारपसार गर्नुपरेमा सो वन पैदावार संकलन तथा ओसारपसारको सम्बन्धित स्थानीय तहबाट स्वीकृति लिनुपर्नेछ। तर एक | वन ऐन, २०७६ सँग तादम्यता मिलाउने। |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | | स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ। साथै घरायसी प्रयोजनका लागि निजी वन तथा निजी आवादीको वन पैदावारको संकलन तथा ओसारपसार गर्दा कुनै जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावार ओसारपसार गर्नुपरेमा जुन स्थानीय तहबाट संकलन तथा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार संकलन तथा ओसारपसार गर्नुपरेमा जुन जिल्लाबाट ओसारपसार गर्ने हो सो जिल्लाको सम्वन्धीत सबडिभिजन वन कार्यालयबाट स्वीकृति लिनुपर्नेछ। | |
| ६१(२क) | नभएकोले थप गर्नु पर्ने | पुरानो घरमा प्रयोग भएको पुरानो काठको ओसारपसार गर्न मन्त्रालयले कार्यविधि तयार गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी खुला गर्न सक्नेछ । | पुरानो घरको काठ स्थानान्तर संवन्धि व्यवस्था नभएको र जनस्तरबाट बारम्वार माग भै रहकोले थप गर्न आवश्यक रहेको । |
| ६२ (२ख) | नभएकोले थप गर्नु पर्ने | नीजी आवादीको खेतवारी कान्लामा उम्रेका वा रोपी हुर्केका साल लगायतका रूखहरू कटान गरी ओसारपसार तथा विक्रि वितरण गर्न पाइनेछ । | साल लगायतका वहुमूल्य रूख लगाउन कटान गर्न समेत उत्प्रेरित गरी समृद्धिमा योगदानका लागी |
| ६५(२) | उपदफा (१) वमोजिम डिभिजनल वन अधिकृतले हकदावी नपुगेको भनी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पन्ध्र दिनभित्र संवन्धित प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ । | उपदफा (१) वमोजिम डिभिजनल वन अधिकृतले हकदावी नपुगेको भनी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पन्ध्र दिनभित्र संवन्धित प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ । यस संवन्धमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ । | अन्तिम निर्णयको व्योहोरा तोकेर जाँदा उपयुक्त हुने । |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| ६५(४) | कसैको हकदावी नपुगेका वेवारिसी वा दरियावुर्दीकाठ दाउरा दफा १८ बमोजिम विक्रि वितरण गरिनेछ । | कसैको हकदावी नपुगेका वेवारिसी वा दरियावुर्दीकाठ दाउरा डिभिजनल वन अधिकृतले प्रचलित कानून बमोजिम व्यवस्थापन गर्नु पर्नेछ । कसैको हकदावी नपुगेका वेवारिसी वा दरियावुर्दीकाठ दाउरा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । | कसैको हकदावी नपुगेका वेवारिसी वा दरियावुर्दीकाठ दाउरा सवै विक्रि नगरी केहि वन पैदावार आपूर्ति समिति वा अन्य प्रयोजनको लागि हस्तान्तरण गर्न सकिने भएकोले । |
| ६९ (६) | (ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिव<br>-सदस्य<br>(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव -सदस्य | हटाउने | कार्यमूलक वोर्ड वनाउन |
| | (छ) वन, जडीबुटी तथा गैरकाष्ठ वन पैदवार विषयमा अनुभव प्राप्त मध्येबाट प्रदेश सरकारले मनोनयन गरेका कम्तीमा<br>एकजना महिला ३<br>जना विज्ञ | (छ) अध्यक्षले तोकेको वन क्षेत्रमा काम गर्ने महिला सञ्जालको प्रतिनिधित्व हुने गरी कम्तिमा एकजना महिला सहित तीन जना विज्ञ सदस्य | |
| | | (च) नेपाल हर्व्स तथा हर्वल उत्पादक संघ र जडीबुटी व्यवसायी सङ्घ नेपालका अध्यक्ष २ जना | |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | (झ) नेपाल घरेलु तथा साना उद्योग महासंघको प्रतिनिधि एक जना -सदस्य | -सदस्य<br>(झ) सामुदायिक वन उपभोक्ता महासंघ वागमती प्रदेश महासंघका अध्यक्ष र नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघ प्रदेशको अध्यक्ष गरी २ जना-सदस्य<br><br>(ञ) कार्यकारी अधिकृत -सदस्य-सचिव<br>खण्ड (छ) बमोजिमका सदस्यहरूको कार्यकाल ३ वर्षको हुनेछ । | |
| ७६(२क) | नभएको | कृषिको लागि हानीकारक घोषित वन्यजन्तु धपाउने, लखेट्ने वा पक्रने क्रममा त्यस्तो जन्तुको मृत्यु भएमा वडामा एकजना निर्वाचित प्रतिनिधि सहित कम्तिमा पाँच जना स्थानीय व्यक्तिको रोहवरमा मुचुल्का खडा गरी गाड्नु पर्ने र मृत्यू भएको जन्तुको मासु कसैले प्रयोग गर्ने इच्छा राखेमा वडाका एकजना निर्वाचित प्रतिनिधि सहित कम्तिमा पाँच जना स्थानीय व्यक्तिको रोहवरमा मुचुल्का खडा गरी मासुको मूल्य निर्धारण गरी व्यापारिक प्रयोजन वाहेकमा सो मासु प्रयोग गर्न पाइनेछ । सो रकम राजश्वमा दाखिला गर्नु पर्नेछ । सोको जानकारी संवन्धित सव डिभिजन वन कार्यालयमा र संवन्धित वडा कार्यालयमा दिनु पर्नेछ । | कृषिको लागि हानीकारक घोषित वन्यजन्तु धपाउने, लखेट्ने वा पक्रने क्रममा त्यस्तो जन्तुको मृत्यु भएमा के गर्ने भन्ने व्यवस्था गर्न आवश्यक भएकोले। संघीय निर्देशिकासँग तालमेल मिलाउन आवश्यक भएकोले। |
| दफा ८० | परिच्छेद १३<br>जलाधार व्यवस्थापन<br>जलाधारको वर्गीकरण गर्नेः (१) जलाधारको अवस्थिति, उचाई, भिरालोपन, भू-क्षयको | हटाउने | जलाधार व्यवस्थापनको लागि छुट्टै ऐन तर्जुमा गरी कार्यान्वयन हुँदा उपयुक्त हुने भएकोले प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा समावेश भएको परिच्छेद |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | संवेदनशीलता, वन जङ्गलले ढाकेको क्षेत्र, पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर, जनसंख्या वृद्धिदर र जलाधार क्षेत्रमा रहेको स्रोतमाथिको मानवीय चाप र प्राकृतिक प्रकोपको जोखिम समेतको आधारमा जलाधार क्षेत्रलाई तोकिए बमोजिम निर्देशनालयले वर्गीकरण गर्न सक्नेछ ।<br>(२) निर्देशनालयले उपदफा (१) बमोजिम वर्गीकृत जलाधार क्षेत्रको नदी प्रणालीमा आधारित तोकिए बमोजिमको व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ । | | १३ जलाधार व्यवस्थापन हटाउदा उपयुक्त हुने । |
| ८१. | संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्नेः (१) राष्ट्रिय वन सहितको कुनै क्षेत्र जलाधार संरक्षणका लागि आवश्यक देखेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी चार किल्ला खुलाई संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको सिमाना आवश्यकता अनुसार प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ।<br>(३) संरक्षित जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।<br>(४) निर्देशनालयले उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको कार्ययोजना | हटाउने | जलाधार व्यवस्थापनको लागि छुट्टै ऐन तर्जुमा गरी कार्यान्वयन हुँदा उपयुक्त हुने भएकोले प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा समावेश भएको परिच्छेद १३ जलाधार व्यवस्थापन हटाउदा उपयुक्त हुने । |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | तयार गरी गराई मन्त्रालयबाट स्वीकृति गराई लागू गर्नु गराउनु पर्नेछ । लिया (५) उपदफा (३) बमोजिम कसैले पनि संरक्षित जलाधार क्षेत्रमा संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन हुँदैन। | | |
| ८३ क. | थप गर्नु पर्ने | स्थानीय तहलाइ प्राविधिक सेवा दिने: स्थानीय तहलाइ अवश्यक पर्ने वन वातावरणा, पर्यापर्यटन र जैविक विविधता सम्वन्धी प्राविधिक सेवा माग भइ आएमा सम्वन्धीत सव डिभिजन वा डिभिजन वन कार्यालयबाट उपलव्ध गराउन सकिनेछ । | स्थानीय तह र वन विचको सहकार्य वढाउन |
| ८३ ख. | नभएकोले थप गर्नु पर्ने | संघिय तहले निर्रधरण गरेको राष्ट्रिय गौरबको योजना, प्रदेश तह र स्थानीय तहहरूले गुरूयोजनामा उल्लेख भएका प्रष्ट मापदण्ड निर्धारण गरी प्राथमिकता तोकिएका योजना सञ्चालनका गर्दा रूख कटान गर्नु पर्ने भएमा सरलिकृत प्रकृया अपनाइनेछ। यस क्रममा ५० वटासम्म रूख कटान गर्नु पर्ने भएमा सवडिभिजन वन कार्यालय प्रमुखले, ५० देखी १०० सम्म रूखहरू डिभिजनल वन अधिकृतले, १०० देखि ५०० सम्मको रूख प्रदेश निर्देशकले र सो भन्दामाथी रूख कटान गर्नु पर्ने भएमा मन्त्रीस्तरीय निर्णयबाट स्विकृत गरी अविलम्व रूख कटान गरि योजना सञ्चालनमा सहजिकरण गर्नु पर्नेछ । | सरकारका प्राथमिकता प्राप्त योजना कार्यान्वयनमा ढिलासुस्ती भएको गुनासो सम्वोधन गर्न र ती योजना छिटो छरितो कार्यान्वयन गर्न |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| ८३ ग. | नभएकाले थप गर्नु पर्ने | मन्त्रालय वा मन्त्रालय मातहतका निकायले वनको संरक्षण, व्यवस्थापन, उपयोग, सुशासन, उद्यम बिकास, महिला सशक्तीकरण, जनसहभागिता जस्ता क्षेत्रमा आवश्यकता अनुसार सामुदायिक वन उपभोक्ता महासंघ नेपाल एवं नेपाल वनपैदावार उद्योग व्यवसायी महासंघ जस्ता वन क्षेत्रमा क्रियाशील संघ संस्थासंग सहकार्य गर्न सक्नेछन् । | वनको क्षेत्रको समग्र सुशासनमा प्रभावकारिता थप गर्न सहकार्यको आवश्यता भएकाले । |
| ८४क. | नभएको | सूचीकृत गर्नु पर्ने : प्रदेश भित्रको काठको लिलाममा बोलकबोल गर्न चाहने उद्योगले काठ सम्बन्धी उद्योगको प्रमाण सहित उद्योगको ठेगाना भएको डिभिजन वन कार्यालयमा सूचीकृत गरी प्रत्येक वर्ष अध्यावधिक गर्नु पर्नेछ ।<br>यो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | |
| ८४ख. | नभएकोले थप गर्नु पर्ने | काठबाट बनेका खापा, चौकोस, टेबुल, कुर्सी जस्ता तयारीबस्तु उद्योगको बिल बिजकका आधारमा प्रदेश भरि ओसार पसार गर्न सकिने छ । | ओसार पसारमा सहजताकालागि |
| ८४ग. | नभएकोले थप गर्नु पर्ने | प्रदेश भित्र चिरान काठको विक्रि गर्दा केही प्रजातीहरूको अधिकतम् खुद्रामूल्य तोकिए बमोजिम निर्धारण सकिनेछ । | मूल्यको सुनिश्चिताकालागि |
| ८८ | यस ऐन अन्तर्गत गठित उपभोक्ता समूहको पदाधिकारी वा सदस्यले कोषको रकम दुरुपयोग वा हिनामिना गरेमा प्रचलित भष्ट्राचार नियन्त्रण ऐन बमोजिम कार्वाही हुनेछ । | हटाउने | प्रचलित अन्य ऐन अनुसार कार्वाही हुने विषय समावेश गर्न आवश्यक नहुने । |
| ९१क. | नभएकोले थप गर्नु पर्ने | प्रदेशको राष्ट्रिय वनको व्यवस्थापनमा सहजीकरण, निरीक्षण र अनुगमनका लागि एक प्रदेश वन | प्रदेश वन निर्देशनालयलाई कानून बाटै संस्थागत गर्न उपयुक्त हुने हुदा । |

| दफा | साविकको व्यहोरा | संशोधनको लागि प्रस्तावित व्यहोरा | संशोधन गर्नपर्नुको कारण |
|---|---|---|---|
| | | निर्देशनालय रहने छ । प्रदेश वन निर्देशनालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | |
| ९२ | यो ऐन तथा यस अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि र निर्देशिका वनाई लागु गर्न सक्नेछ । | यो ऐन तथा यस अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड वनाई प्रदेश राजपत्रमा सूचना प्रकाशन भए पछि लागू हुनेछ । | आवश्यकता अनुसार कार्यविधि, निर्देशिका र मापदण्ड पनि वनाइ लागू गर्दा उपयुक्त र प्रभावकारी हुने । |